# हेटौंडा उपमहानगरपालिका कार्यालय
# बागमती प्रदेश, हेटौडा
## वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ समितिमा रहने विज्ञहरुको सूची (Roster) को लागी दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०७७।११।२०)**

हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन मूल्यांकन गर्नका लागी विषय विज्ञको आवश्यक्ता रहेकोले, यस हेटौंडा उपमहानगरपालिका कार्यालयमा स्विकृतीको लागि प्राप्त हुने वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन, मुल्याङ्कनको साथसाथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण र अनुगमन गरी प्रस्ताव कार्यान्वयनबाट भौतिक वातावरण ,जैविक वातावरण, रसायनिक वातावरण र सामाजिक-आर्थिक-साँस्कृतिक वातावरणमा पर्न सक्ने प्रभावहरूको आंकलन समेत गर्नका लागी विषय विज्ञ (प्रस्तावसँग सम्बन्धित विषयविज्ञ) को रुपमा काम गर्न इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको Website (http://hetaudamun.gov.np) को सूचना साथ रहेको निवेदन फारम भरी अन्य आवश्यक कागजातहरु सहित यस कार्यालयको विद्युतीय पत्राचार ठेगाना (E-mail Address) info@hetaudamun.gov.np वा यस कार्यालयको सूचना शाखामा आइपुग्ने गरी पठाउनहुन अनुरोध छ ।

**आवश्यक कागजातः**

(क) व्यक्तिगत विवरण (CV),

(ख) शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी,

(ग) कार्य अनुभव सम्बन्धी प्रमाण,

(घ) वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम लिएको भए सो सम्बन्धी कागजातको प्रमाण ।

**(१) शैक्षिक योग्यता :**

इन्जिनियरिङ्ग (सिभिल, मेकानिकल, केमिकल, इलेक्ट्रिकल, वायोमेडिकल, जलस्रोत, हाइड्रोपावर, इरिगेसन, मेटेरियोलोजी, कृषि, भूगर्भ, माईनिङ्ग, मेटलर्जिकल, औद्योगिक, यातायात, वातावरण), वन ,आर्किटेक्ट, अर्वन प्लानिङ्ग, ऊर्जा, भुकम्प, वायोटेक, स्वास्थ्य, जनस्वास्थ्य विज्ञान, चिकित्सा शास्त्र, अस्पताल व्यवस्थापन, वन विज्ञान, वन्यजन्तु विज्ञान, वातावरण विज्ञान, कृषि विज्ञान, भेटनरी/पशु विज्ञान, भौतिक विज्ञान, रसायन विज्ञान, वनस्पति विज्ञान, जीव विज्ञान, प्राणी शास्त्र,वनस्पति शास्त्र

,समाज शास्त्र, मानव शास्त्र, शूक्ष्मजीव विज्ञान, माटो विज्ञान, मौसम विज्ञान, भूगर्भ शास्त्र, जलस्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, वायोटेक्नोलोजी, विपद् जोखिम व्यवस्थापन, वातावरण व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा व्यवस्थापन, मानवशास्त्र, ग्रामीण विकास, समाजशास्त्र, अर्थशास्त्र, वन अर्थशास्त्र, पुरातत्व शास्त्र, दीगो विकास, प्राकृतिक स्रोत व्यवस्थापन, वातावरण कानून, वातावरण अर्थशास्त्र, पर्यटन, संस्कृति विषयमा नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा उल्लेखित विषयमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्राप्त गरेको ।

**(२) कार्य अनुभव :**

तल उल्लेखित मध्ये बुँदा (क) वा (ख) वा (ग) वा (घ) अनुसारको कार्य अनुभव भएको विवरण ।

(क) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी वातावरणीय अध्ययन कार्यमा टोली नेता वा टोली सदस्यको रुपमा संलग्न रही वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि सम्बन्धित प्रस्तावक मार्फत सम्बन्धित निकायमा पेश गरेको ।

(ख) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ, संस्थामा कम्तिमा रा.प.तृतीय श्रेणी वा सो सरहको पदमा १ वर्ष वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन वा स्वीकृति प्रक्रिया वा शोध कार्यमा संलग्न भई कार्य गरेको ।

(ग) विश्वविद्यालय तथा तिनका आंगिक क्याम्पसमा प्राध्यापक, सह-प्राध्यापक तथा उप-प्रध्यापक भई माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई माथि उल्लेखित विषयमा अध्यापन गराईरहेका तथा अध्यापन कार्य गरेको ।

(घ) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरे पछि कम्तिमा २ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव भएको र वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारिस समिति वा उक्त समिति जस्तै कार्य गर्ने अन्य समितिमा विज्ञको रुपमा रही प्रतिवेदन पुनरावलोकन गरेको ।